UNITED NATIONS MISSION
IN NEPAL

नेपालस्थित संयुक्त
राष्ट्रसंघीय मिसन

UNMIN

# संयुक्त राष्ट्रसंघीय महासचिवका विशेष प्रतिनिधि इयान मार्टिनले अन्तरिम सरकार गठनको स्वागत गर्दै जारी गर्नुभएको प्रेस विज्ञप्ति

**चैत्र १८, २०६३ (अप्रिल १, २००७)**

नेपालमा अन्तरिम सरकार स्थापनालाई नेपालको शान्ति प्रक्रियालाई सुदृढ गर्ने एक महत्वपूर्ण घटनाको रुपमा म स्वागत गर्दछु । र साथै आठदलका नेताहरुलाई यो संक्रमणकालिन घडिमा संयुक्त जिम्मेवारी बहन गर्ने उहाँहरुको पहलको लागि पनि म बधाई दिन चाहन्छु ।

विश्वासिलो संविधानसभाको चुनावकोलागि उपयुक्त वातावरण तयार गर्नु, समावेशी प्रजातन्त्रको लागि आह्वान गरिरहेका नेपाली समाजका समूहहरुको जायज मागहरुलाई संबोधन गर्नु, मुलुकमा कानुनको प्रभावकारी कार्यान्वयन गराउनु, पूर्व लडाकुको भविष्य सुनिश्चित गर्नु र सुरक्षा संयत्रको विस्तृत सुधार गर्नु जस्ता विद्यमान कैयन चूनौतिहरु सामना गर्न संयुक्त सरकार बलियो रहनु पर्दछ ।

शान्ति प्रक्रियामा विशेषगरी हातहतियार एवं सेनाको अनुगमनसम्बन्धि सम्झौताको परिपालना गर्ने दिशामा दलहरुको प्रतिवद्धताको पूर्ण पालनाका लागि अनमिनले कार्य गर्नेछ एवं चुनावी प्रक्रियामा सहयोग तथा अनुगमन गर्नेछ । अगाडि रहेका चुनौतिहरुलाई नजरअन्दाज गर्न मिल्दैन । त्यसैले चुनावका लागि उपयुक्त वातावरण तयार गर्ने र शान्ति सम्झौताको प्रभावकारी अनुगमन गर्ने दलहरुको प्रतिबध्दताको स्वागत गर्दछु जुन जिल्लाहरुमा सहि वातावरण बनाउन जरुरी हुन्छ र यसमा सहयोग गर्न संयुक्त राष्ट्रसंघ तयार रहेको पनि जानकारी गराउन चाहन्छु । अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप कानुनको प्रभावकारी कार्यान्वयन, मानवाधिकारको उल्लंघनको जवाफदेहिता र बृहत शान्ति सम्झौताको उल्लंघनको अन्त गर्नु आगामी दिनमा सफलताका चुनौतिपूर्ण पक्षहरु हुन् ।

UN House, GPO Box 107, Pulchowk, Kathmandu, Nepal, Tel : + 977-1-5010036/37/38, Fax:+977-1-5010040